# प्रदेश स्वास्थ्य तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

**प्रस्तावनाः** प्रदेश भित्रका स्वास्थ्य सेवासँग सम्बन्धित सरकारी, सामुदायिक, राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी र निजी संघ संस्थाहरुबाट सञ्चालन गरिने स्वास्थ्य सम्बन्धी तालिम कार्यक्रमहरुमा एकरुपता, पारदर्शिता, मितव्ययिता कायम गर्न, तालिम एकीकृत, समन्वयात्मक र गुणस्तरीय बनाउन, मानव श्रोतको विकास, जनशक्तिको लगत र परिचालन व्यवस्थित गर्न, स्वास्थ्य सम्बन्धी तालिमहरुको नियमन, प्रमाणीकरण (Certification) र प्रत्यायन (Accreditation) गर्न तथा स्वास्थ्यकर्मीको ज्ञान र सीप विकास तथा क्षमता अभिवृद्धि गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सक्षम बनाउन वाञ्छनीय भएकोले,

प्रदेश नं. ५, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको कार्यविधि बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश स्वास्थ्य तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अन्य सरकारी निकाय" भन्नाले खण्ड (ज) बाहेकको अन्य सरकारी निकायहरुलाई सम्झनु पर्छ ।

(ख) "केन्द्र" भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालय मातहतको स्वास्थ्य तालिम केन्द्र सम्झनु पर्छ ।

(ग) "निर्देशक समिति" भन्नाले दफा १३ को उपदफा (१) बमोजिमको स्वास्थ्य तालिम निर्देशक समितिलाई सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले प्रदेश नं. ५ लाई सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(च) "संघ संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई नेपालमा कार्य गर्ने स्वीकृति पाएका सार्वजनिक, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी, सामुदायिक र निजी संघ संस्थाहरुलाई सम्झनु पर्छ ।

(छ) "व्यवस्थापन समिति" भन्नाले दफा १५ को उपदफा (१) बमोजिमको स्वास्थ्य तालिम व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ज) "स्वास्थ्य संस्था" भन्नाले स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, प्राथमिक स्वास्थ्य केन्द्र, प्रादेशिक अस्पताल तथा अन्य अस्पतालहरु, आयुर्वेद चिकित्सालय, स्वास्थ्य कार्यालय, आयुर्वेद स्वास्थ्य केन्द्र, स्वास्थ्य निर्देशनालय, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र आदिलाई सम्झनु पर्छ ।

(झ) "स्वास्थ्य सम्बन्धी तालिम" भन्नाले प्रबर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक स्वास्थ्य सेवाहरुसँग सम्बन्धित तालिमलाई सम्झनु पर्छ ।

(ञ) "स्वास्थ्यकर्मी" भन्नाले नेपाल मेडिकल काउन्सिल, नेपाल आयुर्वेद चिकित्सा परिषद, नेपाल फार्मेसी परिषद, नेपाल नर्सिङ परिषद र नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएका स्वास्थ्यकर्मीहरुलाई सम्झनु पर्छ ।

(ट) "तालिम प्रदायक संस्था" भन्नाले प्रचलित कानून अनुसार दर्ता वा नवीकरण भई केन्द्रबाट यस कार्यविधि बमोजिम स्वास्थ्य सम्बन्धी विषयमा तालिम सञ्चालन गर्ने अनुमति लिएका संघ संस्थाहरुलाई सम्झनु पर्छ । यस शब्दले आफ्नो वार्षिक कार्यक्रम अनुसार स्वास्थ्य सम्बन्धी तालिम सञ्चालन गर्ने सरकारी स्वास्थ्य संस्थालाई समेत जनाउँदछ।

(ठ) "तालिम/तालिम कार्यक्रम" भन्नाले मानवीय स्वास्थ्य सम्बन्धी ज्ञान, धारणा, व्यवहार, सीप र दक्षता अभिवृद्धि गर्न र सुधार ल्याउन सञ्चालन गरिने सबै प्रकारका तालिम कार्यक्रम तथा क्रियाकलापहरु सम्झनु पर्छ ।

(ड) "प्रशिक्षक/सहजकर्ता/श्रोतब्यक्ति" भन्नाले तालिम केन्द्रमा सूचीकृत भई मानव संशाधन विकाससँग सम्बन्धित कुनै पनि विषय तथा प्रशिक्षण विधिको ज्ञान, सीप र दक्षता भएको र उक्त ज्ञान, सीप र दक्षता अरुलाई प्रवाह गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

(ढ) "साझेदार निकाय" भन्नाले नेपाल सरकार वा प्रदेश सरकारसँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने प्रदेशभित्र कार्य गर्ने संयुक्त राष्ट्र संघीय वा विकास साझेदार निकायहरुलाई सम्झनु पर्छ ।

(ण) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिमको स्थानीय तहलाई सम्झनु पर्छ ।

३. <u>तालिम सञ्चालन गर्ने:</u> (१) केन्द्रले प्रदेशभित्रका स्वास्थ्यकर्मीको ज्ञान, सीप र दक्षता विकास गर्न र स्वास्थ्य सेवा गुणस्तरीय बनाउन आवश्यक पर्ने दफा ११ मा उल्लेखित स्वास्थ्य सम्बन्धी तालिम सञ्चालन गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तालिम सञ्चालन गर्दा केन्द्रले प्रदेश भित्रका स्वास्थ्य संस्था, संघ संस्था, साझेदार निकाय, स्थानीय तह र अन्य सरकारी निकायसँग समन्वय र सहकार्यमा गर्न सक्नेछ।

(३) प्रदेश भित्रको कुनै स्वास्थ्य संस्था, संघ संस्था, साझेदार निकाय र अन्य सरकारी निकायले स्वास्थ्य सम्बन्धी तालिम सञ्चालन गर्न चाहेमा यस कार्यविधि बमोजिम केन्द्रबाट अनुमति लिनु पर्नेछ।

तर प्रदेश सरकार मातहतका स्वास्थ्य संस्थाले वार्षिक स्वीकृत कार्यक्रममा उल्लेखित अनुसूची-१३ बमोजिम आफ्नो कार्यक्षेत्र भित्र पर्ने तालिमहरु केन्द्रलाई जानकारी गराई संचालन गर्न बाधा पुग्ने छैन।

(४) केन्द्रले स्थानीय तहसँग सहकार्य गरी स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई सहभागी गराई तालिम कार्यक्रम सञ्चालन गर्न, गराउन सक्नेछ।

(५) सरकारी निकाय, विकास साझेदार वा संघ संस्थाले केन्द्रलाई तालिम सञ्चालन गर्न अनुरोध गरेमा यस कार्यविधिमा उल्लेखित मापदण्डको पालना गरी तालिम सञ्चालन गर्न, गराउन सक्नेछ।

(६) यस कार्यविधि बमोजिम तालिम प्रदायकले तालिम सञ्चालन गर्दा तालिम व्यवस्थापन चक्र (योजना, कार्यान्वयन र मूल्याङ्कन) प्रक्रिया अनुशरण गरी सञ्चालन गर्नुपर्नेछ।

(७) तालिम प्रदायकले सैद्धान्तिक ज्ञान र सीप प्रदान गर्नुपर्ने तालिममा बढीमा ३० जना र प्रयोगात्मक र दक्षतामा आधारित तालिममा बढीमा १४ जना सहभागी हुने गरी तालिम सञ्चालन गर्नुपर्नेछ।

(८) विशेष प्राविधिक सीप प्रदान गर्नुपर्ने तालिम बाहेक सामान्यतया प्रशिक्षक र सहभागी अनुपात १:३० हुनेगरी तालिम सञ्चालन गर्नुपर्नेछ।

(९) तालिम प्रदायक संस्थाले कुनै विषयको तालिम सञ्चालनका लागि केन्द्रमा प्रमाणीकरण भएका प्रशिक्षक नभएमा वा अपर्याप्त भएमा नेपाल सरकार तथा अन्य प्रदेश अन्तर्गत सूचीकृत प्रशिक्षकबाट तालिम सञ्चालन गर्नसक्नेछ।

४. <u>तालिमको कार्यक्रम नीति सम्मत हुनुपर्नेः</u> (१) प्रदेश स्वास्थ्य सम्बन्धी तालिमको मार्गदर्शनका रुपमा राष्ट्रिय स्वास्थ्य नीति, २०७६, प्रदेश स्वास्थ्य नीति, २०७७ र प्रदेश आवधिक योजनाहरु रहनेछन्।

(२) कुनै पनि स्वास्थ्य संस्था, संघ संस्था, साझेदार निकाय, स्थानीय तह र अन्य सरकारी निकायले सञ्चालन गर्ने स्वास्थ्य सम्बन्धी तालिम कार्यक्रम नेपाल सरकार र प्रदेश सरकारको कानून, नीति, मापदण्ड र कार्यक्रम सम्मत भई स्वास्थ्य सेवाको प्रभावकारिता र गुणस्तरीयता बढाउनलाई सहयोग गर्ने हुनुपर्नेछ।

(३) उपदफा (१) र (२) विपरित सञ्चालन हुने स्वास्थ्य सम्बन्धी तालिमहरुको स्थगन गर्ने वा अनुमति खारेज वा प्रमाणीकरण नगर्ने नगराउने सम्बन्धी अधिकार केन्द्रमा निहित रहनेछ।

५. <u>तालिम आवश्यकता पहिचान वा निर्धारण गर्नुपर्नेः</u> (१) केन्द्रले तालिम आवश्यकता पहिचान गरी प्रदेशको आवश्यकता अनुसार तालिम सञ्चालन गर्नुपर्नेछ।

(२) स्वास्थ्य सम्बन्धी तालिमको आवश्यकता पहिचान गर्दा व्यक्तिगत तथा संस्थागत कार्य सम्पादन सुधारका सूचकहरुको समेत पहिचान गर्नु पर्नेछ।

(३) तालिम आवश्यकता पहिचानका लागि स्वास्थ्य संस्था, संघ संस्था, साझेदार निकाय र स्थानीय तह समेतको समन्वय, सहकार्य र सहजीकरणमा केन्द्रले प्रदेशभित्रका सबै स्वास्थ्य संस्थाहरुबाट तालिम लिएका र नलिएका कर्मचारीहरुको विवरण लिई लगत तयार र अद्यावधिक गर्नुपर्नेछ।

(४) केन्द्रले तालिम आवश्यकता पहिचान गर्दा तालिम प्रदायक संस्थाको नक्साङ्कन गर्नुपर्नेछ।

६. <u>तालिमको पाठ्यक्रम र सामग्री तयार गर्नुपर्नेः</u> (१) तालिम सञ्चालन गर्न केन्द्रले नयाँ पाठ्यक्रम, प्रशिक्षण निर्देशिका र सन्दर्भ सामग्री निर्माण गरी वा स्वास्थ्य संस्था, संघ संस्था, साझेदार निकाय र स्थानीय तहबाट तयार गरिएका पाठ्यक्रम, प्रशिक्षण निर्देशिका र सन्दर्भ सामग्री आवश्यकता अनुसार परिमार्जन गरी यस कार्यविधि बमोजिम स्वीकृत गराई कार्यान्वयन गर्न सक्नेछ।

तर नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र मातहतका निकाय र मन्त्रालय वा मातहतका निकायबाट तयार गरिएका कार्यक्रमसँग सम्बन्धित पाठ्यक्रम, प्रशिक्षण निर्देशिका तथा सन्दर्भ सामग्री केन्द्रले स्वीकृति गराउनु पर्नेछैन।

(२) तालिमको पाठ्यक्रम तयार गर्दा विषयको सैद्धान्तिक, व्यवहारिक तथा प्रयोगात्मक पक्षलाई समेटी तयार गर्नुपर्नेछ।

(३) स्वास्थ्य संस्था, संघ संस्था, साझेदार निकाय र स्थानीय तहले स्वास्थ्य सम्बन्धी कार्यक्रमको तालिम योजना स्वीकृत भएपछि केन्द्रको समन्वयमा तालिम सञ्चालन गर्नुपर्नेछ।

(४) तालिम सञ्चालन गर्दा प्रशिक्षकले सम्भव भएसम्म पाठ्यक्रम, प्रशिक्षण निर्देशिका र सन्दर्भ सामग्रीको आधारमा उपयुक्त विधि/ प्रविधि मार्फत प्रस्तुतीकरण गर्नुपर्नेछ।

(५) तालिम प्रदायक संस्थाले नयाँ विषयमा तालिम सञ्चालन गर्दा केन्द्रबाट पाठ्यक्रम स्वीकृत गराएर मात्र तालिम सञ्चालन गर्न सक्नेछन र यसरी स्वीकृत भएको पाठ्यक्रम आवश्यकता अनुसार केन्द्रको स्वीकृतिमा अद्यावधिक गर्नुपर्नेछ ।

७. <u>प्रशिक्षक प्रमाणीकरण भएको हुनुपर्ने:</u> (१) स्वास्थ्य सम्बन्धी क्लिनिकल तालिममा प्रशिक्षक हुन क्लिनिकल तालिम सीप (Clinical Training Skill) र अन्य स्वास्थ्य सम्बन्धी तालिमको लागि सम्बन्धित विषयको तालिमको प्रशिक्षक प्रशिक्षण तालिम लिएको हुनुपर्नेछ।

तर प्रशिक्षक प्रशिक्षण तालिम नभए तापनि सम्बन्धित विषय बिज्ञलाई (Post Graduate Diploma/ Degree) वाह्य प्रशिक्षक हुन बाधा पुग्नेछैन।

(२) उपदफा (१) बमोजिमको क्लिनिकल तालिम प्राप्त प्रशिक्षकलाई तालिमको प्रोभिजनल प्रमाणपत्र केन्द्रले प्रदान गर्नेछ। यसरी प्रमाणपत्र प्राप्त प्रशिक्षकले सम्बन्धित विषयको तालिममा कम्तीमा २ (दुई) ब्याच सह-प्रशिक्षकको रुपमा दक्षता प्रस्तुत गरे पश्चात मुल प्रमाणपत्र केन्द्रले प्रदान गर्नेछ।

(३) प्रशिक्षक प्रमाणीकरण गर्नका लागि केन्द्रले आवश्यकता र उपयुक्तताको आधारमा अनुसूची-१, २, ३ र ४ बमोजिमका फारमहरू प्रयोग गरी लेखाजोखा र मूल्याङ्कनको आधारमा प्रशिक्षकको प्रमाणीकरण गर्नेछ।

(४) प्रशिक्षक प्रशिक्षण प्रमाणपत्र प्राप्त गरेको ३ बर्षसम्म पनि सम्बन्धित विषयको तालिममा प्रशिक्षण नगरेको भएमा प्रशिक्षकको सूचीबाट हटाइनेछ र पुनः प्रशिक्षक हुन चाहेमा कम्तीमा २ (दुई) ब्याच सह-प्रशिक्षक भएर काम गर्नु वा पुनर्ताजगी तालिममा सहभागी हुनुपर्नेछ।

८. <u>तालिमका प्रशिक्षक र तालिम स्थलको सूची (रोष्टर) तयार गर्नुपर्ने:</u> (१) तालिम सञ्चालन गर्दा केन्द्रमा सूचीकृत भएको तालिम स्थानमा केन्द्रको रोष्टरमा नाम समावेश भएका प्रशिक्षक वा विषय बिज्ञबाट मात्र गराउनु पर्नेछ ।

(२) तालिमका प्रमाणित प्रशिक्षक र तालिम स्थलहरुको रोष्टर केन्द्रले तयार गरी अद्यावधिक गर्नेछ।

(३) प्रमाणित प्रशिक्षक स्वयंले आवेदन दिई वा सूचना प्रकाशन वा वेब वा अनलाईन वा अन्य माध्यम प्रयोग गरी आवेदन माग गरी केन्द्रले रोष्टर तयार गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नेपालभरीका प्रमाणित प्रशिक्षकले रोष्टरमा सूचिकृत हुन आवेदन दिन सक्नेछन ।

(५) उपदफा (३) बमोजिमको तालिमका प्रमाणित प्रशिक्षक र तालिम स्थलहरुको रोष्टर तयार गर्नका लागि स्वास्थ्य संस्था, संघ संस्था, साझेदार निकाय र स्थानीय तहहरुको सहयोग लिन सकिनेछ।

(६) केन्द्रको रोष्टर उपदफा (२) बमोजिम तयार नभएसम्मका लागि तालिम कार्यक्रम सञ्चालन गर्न राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र वा अन्य प्रदेशबाट प्रमाणित प्रशिक्षक केन्द्रले प्रयोग गर्न कुनै बाधा पर्नेछैन।

(७) केन्द्रको दरबन्दीमा पदस्थापना भएका प्रशिक्षकहरुले सुचिकृत हुन निवेदन दिएपछि रोष्टरमा सूचीकृत गरिनेछ।

९. <u>तालिममा सहभागी मनोनयन र सहभागिता सुनिश्चित गर्नुपर्ने:</u> (१) तालिमका सहभागी छनौटका विधि, प्रक्रिया र मापदण्ड केन्द्रले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम निर्धारित विधि, प्रक्रिया र मापदण्डका आधारमा स्वास्थ्य संस्था वा संघ संस्था वा साझेदार निकाय वा स्थानीय तह वा अन्य सरकारी निकायहरुले सहभागी मनोनयन गर्ने र तालिममा सहभागिताका लागि पठाउन सक्नेछन।

(३) उपदफा (१) वा (२) बमोजिम तालिममा मनोनयन हुने सहभागीहरुलाई केन्द्र वा सम्बन्धित निकायले आवश्यक विवरण उल्लेख गरी सहभागिताको लागि आमन्त्रण गर्नुपर्नेछ।

(४) तालिममा सहभागी प्रशिक्षक र प्रशिक्षार्थीहरुले तालिमको पहिलो दिनमा अनुसूची-५ बमोजिमको तालिम दर्ता फारम भर्नुपर्नेछ।

(५) अनुसूची-५ बमोजिमको तालिम दर्ता फारम, सम्बन्धित तालिम कार्यक्रम संयोजकले सिफारिस गरी प्रमाणीकरणको लागि केन्द्रमा पठाउनुपर्नेछ।

(६) तालिमको सहभागीता सुनिश्चितताको लागि सहभागीहरुलाई तोकिएको समयमा अनुसूची-६ बमोजिम हाजिर गराउनुपर्नेछ।

(७) निर्धारित विधि, प्रक्रिया र मापदण्डभन्दा फरक आधार, योग्यता भएका सहभागीहरुलाई तालिममा सहभागी गराइने छैन।

(८) उपदफा (७) बमोजिम तालिममा सहभागी नगराइएकाको आर्थिक भार आयोजकले व्यहोर्ने छैन।

(९) कारणवस मनोनयन भएका सहभागी तालिममा उपस्थित हुन नसक्ने भएमा तालिम व्यवस्थापन गर्ने निकाय वा केन्द्रले सहभागी हेरफेर गर्नसक्नेछ।

(१०) तालिम कार्यक्रमको कार्यतालिका दैनिक कम्तीमा ६ घण्टाको हुनुपर्नेछ।

(११) संघ संस्था वा साझेदार निकाय वा अन्य सरकारी निकायको योजना र केन्द्रसँगको समन्वयमा प्रदेश भित्र सञ्चालन हुने कुनै पनि तालिममा अन्य प्रदेशको कर्मचारीको पनि सहभागिता गराउनु पर्ने भएमा केन्द्रले मन्त्रालयको सहमतिमा सहभागी गराउन सक्नेछ।

१०. <u>प्रत्यायन गरिएका (Accreditated) र स्वीकृत तालिम स्थलबाट तालिम सञ्चालन गर्नुपर्ने</u>: (१) स्वास्थ्य सम्बन्धी विषयमा तालिम प्रदान गर्दा केन्द्रबाट प्रत्यायन गरिएका तालिम स्थल वा केन्द्रले अनुमति प्रदान गरेका स्थानमा मात्र तालिम सन्चालन गर्न सकिनेछ।

(२) तालिम स्थलको प्रत्यायनका लागि वा तालिम हुने स्थानको स्वीकृतिका लागि प्रदेश भित्रका स्वास्थ्य संस्था, संघ संस्था, साझेदार निकाय र स्थानीय तहले आफ्नो पूर्वाधार, स्रोत साधन र सुविधाको विवरण सहित केन्द्रमा आवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त आवेदनको आधारमा केन्द्रले विषय विज्ञ खटाई तालिम स्थलको लेखाजोखा (Training Site Assessment) र मूल्याङ्कन गर्नेछ।

(४) उपदफा (३) बमोजिम खटिएका विषय विज्ञले अनुसूची-७ बमोजिमको विधिका आधारमा गरेको सिफारिस बमोजिम केन्द्रले देहायको आधारमा तालिम स्थलको प्रत्यायन र स्वीकृति दिनसक्नेछ।

(क) प्रचलित कानून बमोजिम दर्ता एवम् नवीकरण,

(ख) सम्बन्धित निकायबाट सेवा सञ्चालनका लागि अनुमति प्राप्त,

(ग) संस्थाको तालिम सञ्चालन गर्ने मनसाय,

(घ) तालिम संचालन हुने भवनको सम्बन्धित स्थानीय तहबाट भवन निर्माण सम्पन्न प्रतिवेदन,

(ङ) तोकिएको मापदण्ड अनुसार सेवाको प्रवाह,

(च) सम्बन्धित सेवाका सेवाग्राहीको चाप,

(छ) भौतिक पूर्वाधारको पर्याप्तता,

(ज) मापदण्ड बमोजिम प्रशिक्षकको उपलब्धता,

(झ) सरकारी निकायको संलग्नता,

(ञ) उपयुक्त प्रविधिको उपलब्धता,

(ट) उपयुक्त स्थान,

(ठ) तोकिएको मापदण्ड अनुसारको शिक्षण सिकाई समाग्री/उपकरणको उपलब्धता।

(५) तालिम स्थल स्वीकृतिका लागि देहाय बमोजिमको मापदण्ड पुरा गर्नुपर्नेछः

(क) कम्तीमा ३० जना क्षमताको तालिम हल भएको,

(ख) आवश्यकता अनुसार तालिम हलमा फर्निसिङ्गको व्यवस्था रहेको,

(ग) तालिम हल उज्यालो, वातानुकुलित वा पंखा वा अन्य आवश्यक पुर्वाधार जडान भएको,

(घ) महिला र पुरुषको संख्याको आधारमा छुट्टाछुट्टै शौचालय र हात धुने सुविधा भएको,

(ङ) स्वच्छ पिउने पानीको व्यवस्था भएको,

(च) प्रशिक्षार्थी र प्रशिक्षकलाई सन्दर्भ सामग्री र पुस्तक सहित पुस्तकालयको व्यवस्था भएको,

(छ) तालिम हलमा एल.सी.डी. प्रोजेक्टर र ह्वाइट बोर्डको व्यवस्था भएको,

(ज) सम्बन्धित विषयमा तालिम प्राप्त योग्य र दक्ष प्रशिक्षक/सहजकर्ता भएको,

(झ) तालिम सामग्री राख्ने, तयारी गर्ने, प्रयोगात्मक अभ्यास गर्ने थप कक्ष र सुविधा भएको,

(ञ) सहभागीलाई खान बस्नको लागि प्रबन्ध सुनिश्चित भएको,

(ट) यातायातको दृष्टिकोणले पायक पर्ने स्थानमा भएको,

(ठ) तालिमको लागि आवश्यक पर्ने तोकिएको न्यूनतम सेवाग्राहीको संख्या भएको,

(ड) प्रचलित कानूनले निर्धारण गरेका अन्य मापदण्डहरु।

(६) तालिमको गुणस्तर सुधारको लागि अनुसूची-७ बमोजिमका विधिहरू प्रयोग गरी केन्द्रले आन्तरिक वा बाह्य बिज्ञ मार्फत तालिम स्थलको लेखाजोखा र मूल्याङ्कन गर्नेछ।

(७) तालिम स्थल हुन अनुसूची-७ बमोजिमका विधिहरुका अधारमा मूल्याङ्कन गर्दा न्यूनतम ८० प्रतिशत अंक प्राप्त गरेको र पूर्ण तालिम स्थल हुन उपयुक्त छ भनि विषय विज्ञको टोलीबाट सिफारिस सहितको प्रतिवेदन प्राप्त भएमा केन्द्रले स्वीकृति प्रदान गर्नेछ।

तर ६० प्रतिशत भन्दा बढी र ८० प्रतिशत भन्दा कम अंक प्राप्त गरेमा अस्थायी तालिम स्थलको रुपमा केन्द्रले स्वीकृत दिन सक्नेछ। यस्ता स्थलले स्वीकृत दिएको तालिम ३ ब्याच सम्पन्न भए पश्चात मूल्याङ्कन गर्दा कम्तीमा ८० प्रतिशत अंक प्राप्त गरेमा पूर्ण तालिम स्थलको स्वीकृति दिइनेछ, अन्यथा अस्थायी स्वीकृति रद्द गरिनेछ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भएतापनि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट अनुसूची-८ बमोजिम स्वीकृत तालिम स्थलहरुले पुनः स्वीकृति लिनुपर्नेछैन।

तर उपदफा (७) बमोजिम अस्थायी तालिम स्थलको सूचीबाट हटाईएका तालिम स्थलहरुले केन्द्रबाट पुनः स्वीकृति लिनुपर्नेछ।

(९) तालिमको गुणस्तर, स्थलको उपलब्धता र केन्द्रको आवश्यकताको आधारमा प्रदेश बाहेक अन्य प्रदेश र संघबाट सूचीकृत तालिम स्थलहरुमा पनि तालिम सञ्चालन गर्न कुनै बाधा पर्नेछैन।

(१०) केन्द्रबाट स्वीकृत तालिम स्थलबाट क्लिनिकल तालिम सञ्चालन गर्नुपर्नेछ।

तर राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र वा अन्य प्रदेशबाट स्वीकृत तालिम स्थलहरु प्रयोग गर्न कुनै बाधा पर्नेछैन।

(११) विषयगत तालिम स्थल स्वीकृति दिन वा प्रमाणीकरण गर्न आवश्यक पर्ने यस कार्यविधिमा उल्लेख नभएका मापदण्ड राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको मापदण्ड प्रतिकूल नहुने गरी केन्द्रले तयार गरेर मन्त्रालयबाट स्वीकृत गराई प्रयोग गर्न सक्नेछ।

(१२) राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट विगतमा स्वीकृति दिइएका प्रदेश अन्तर्गतका तालिम स्थलको पूर्वाधार, दक्ष जनशक्ति, तालिम सामग्री, सुविधा र अन्य मापदण्डको आधारमा स्थलगत अवलोकन गरी निरन्तरता दिने वा पृष्ठपोषण दिई सुधार गरी सुचारु गर्ने वा स्वीकृति स्थगन गर्ने कार्य केन्द्रले गर्नसक्नेछ ।

(१३) उपदफा (१२) बमोजिमको स्थलगत अवलोकन गर्दा आवश्यक ठानेमा केन्द्रले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट अधिकृत प्रतिनिधि आमन्त्रण गर्नसक्नेछ।

११. <u>स्वास्थ्य सम्बन्धी तालिमको प्रकार, क्षेत्र, विषय र अवधिः</u> (१) सामान्यतया स्वास्थ्य सम्बन्धी तालिम कार्यक्रमका प्रकार देहाय बमोजिमका हुनेछन:-

(क) माष्टर/प्रशिक्षक प्रशिक्षण तालिम
(ख) अभिमुखीकरण
(ग) प्राविधिक सीप विकास वा दक्षता अभिबृद्धि तालिम
(घ) तालिम तथा अनुसन्धान विधिगत तालिम
(ङ) स्वास्थ्य क्षेत्रको अनुगमन तथा मूल्याङ्कन तालिम
(च) स्वास्थ्य व्यवस्थापन तथा नेतृत्व विकास तालिम
(छ) स्वास्थ्य आपूर्ति व्यवस्थापन तालिम
(ज) समुदाय विकास तथा परिचालन तालिम
(झ) सेवाकालीन, सेवा प्रवेश, आधारभूत, पुनर्ताजगी र स्तरवृद्धि तालिम
(ञ) पोषण सुधार सम्बन्धी तालिम

(२) स्वास्थ्य सम्बन्धी कार्य गर्ने स्वास्थ्य संस्था, संघ संस्था, साझेदार निकाय, स्थानीय तह र अन्य सरकारी निकायको कार्य प्रकृति अनुसार उपदफा (१) मा उल्लेख भएका बाहेक स्वास्थ्य सम्बन्धी अन्य तालिमहरु पनि सञ्चालन गर्न सकिनेछ।

(३) स्वास्थ्य सम्बन्धी तालिमको क्षेत्र, विषय र अवधि अनुसूची-९ बमोजिमको हुनेछ।

(४) स्वास्थ्य सम्बन्धी तालिमहरुको कार्यविधि, निर्देशिका र विवरण (परिचय, उद्देश्य, अवधि, प्रशिक्षक र सहभागी संख्या, सहभागी छनौटका आधार, प्रशिक्षकको योग्यता आदि) यस कार्यविधि वा कार्यक्रम सञ्चालन निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ।

१२. <u>तालिम मूल्याङ्कन र प्रमाणपत्र प्रदान गर्नेः</u> (१) तालिममा सहभागी भई तालिमको प्रमाण पत्र प्राप्त गर्न तालिमको अन्तिम मूल्यांकनमा सहभागीले ८५ प्रतिशत वा सो भन्दा बढी अंक प्राप्त गरेको र शत प्रतिशत रुजु हाजिर भएको हुनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम मापदण्ड पुरा गरेका सहभागीहरुलाई तालिम संयोजकको सिफारीसमा अनुसूची-१० बमोजिमको ढाँचामा प्रमाणपत्र केन्द्रले प्रदान गर्नेछ ।

(३) तालिमको अन्तिम दिनमा तालिम संयोजक र प्रशिक्षकले सहभागीहरुबाट तालिम प्रक्रिया र व्यवस्थापन सम्बन्धी अनुसूची-११ बमोजिम मूल्याङ्कन गराउनुपर्नेछ।

१३. <u>स्वास्थ्य तालिम निर्देशक समिति सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेश भित्रका स्वास्थ्य सम्बन्धी तालिमको मार्गदर्शन, निर्देशन, अनुगमन, अनुमोदन गर्नका लागि देहाय बमोजिम स्वास्थ्य तालिम निर्देशक समिति गठन हुनेछ :-

| | |
|---|---|
| (क) सचिव, सामाजिक विकास मन्त्रालय | संयोजक |
| (ख) निर्देशक, स्वास्थ्य निर्देशनालय | सदस्य |
| (ग) निर्देशक, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | सदस्य |
| (घ) उपसचिव प्रतिनिधि, मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | सदस्य |
| (ङ) प्रमुख, प्रशासन तथा योजना महाशाखा, सामाजिक विकास मन्त्रालय | सदस्य |
| (च) प्रमुख, अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा, सामाजिक विकास मन्त्रालय | सदस्य |
| (छ) निर्देशक, स्वास्थ्य तालिम केन्द्र | सदस्य सचिव |

(२) निर्देशक समितिको सचिवालयको काम केन्द्रले गर्नेछ ।

(३) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ तर दुई बैठक बीचको अवधि चौमासिक भन्दा बढी हुनेछैन ।

(४) कार्य सञ्चालन सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

(५) निर्देशक समितिलाई आवश्यक लागेमा स्वास्थ्य संस्था, संघ संस्था, साझेदार निकाय र स्थानीय तहका विशेषज्ञ वा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्नसक्नेछ ।

१४. <u>स्वास्थ्य तालिम निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u> स्वास्थ्य तालिम निर्देशक समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्वास्थ्य सम्बन्धी तालिम योजना, कार्यान्वयन, अनुगमन र मूल्यांकनमा निर्देशन दिने,

(ख) पाठ्यक्रम, प्रशिक्षण निर्देशिका र सन्दर्भ सामग्रीहरुलाई आवश्यकता अनुसार स्वीकृतिका लागि सिफारिस गर्ने,

(ग) स्वास्थ्य तालिम व्यवस्थापन समितिको सिफारिसको आधारमा आवश्यक स्वीकृत गर्ने,

(घ) स्वास्थ्य सम्बन्धी तालिम कार्यक्रमहरु नियमन गर्न निर्देशन दिने,

(ङ) स्वास्थ्य सम्बन्धी तालिम कार्यक्रमहरु अनुगमन तथा समीक्षा गर्ने,

(च) स्वास्थ्य तालिम व्यवस्थापन समितिको सिफारिस बमोजिम तालिम शुल्क निर्धारण गर्ने।

१५. <u>स्वास्थ्य तालिम व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेशभित्रका स्वास्थ्य सम्बन्धी तालिम व्यवस्थापन गर्नका लागि देहाय बमोजिम स्वास्थ्य तालिम व्यवस्थापन समिति गठन हुनेछः-

| | |
|---|---|
| (क) निर्देशक, स्वास्थ्य तालिम केन्द्र | संयोजक |
| (ख) ब.जनस्वास्थ्य प्रशासक, स्वास्थ्य निर्देशनालय | सदस्य |
| (ग) नर्सिङ अधिकृत प्रतिनिधि, लुम्बिनी प्रादेशिक अस्पताल | सदस्य |
| (घ) आयुर्वेद चिकित्सक, अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा, मन्त्रालय | सदस्य |
| (ङ) स्वास्थ्य शिक्षा प्रशासक/ अधिकृत, स्वास्थ्य तालिम केन्द्र | सदस्य सचिव |

(२) समितिको सचिवालयको काम केन्द्रले गर्नेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) समितिको आवश्यकता अनुसार सम्बन्धित विषय बिज्ञ वा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्नसक्नेछ ।

१६. <u>स्वास्थ्य तालिम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार</u>: स्वास्थ्य तालिम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वास्थ्य तालिम निर्देशक समितिको निर्णयहरु कार्यान्वयन गर्ने,

(ख) स्वास्थ्य सम्बन्धी तालिमको योजना, कार्यान्वयन र मूल्याङ्कन गर्ने,

(ग) तालिम, प्रशिक्षक र सहभागीहरुको मापदण्ड, प्रोटोकल, योग्यता र अवधि निर्धारण गर्ने,

(घ) विद्यमान तालिम सुधार र नयाँ तालिमहरुको प्रस्ताव निर्देशक समिति समक्ष पेश गर्ने,

(ङ) स्वास्थ्य सम्बन्धी तालिम पाठ्यक्रम स्वीकृतिको लागि निर्देशक समिति समक्ष पेश गर्ने,

(च) स्वास्थ्य सम्बन्धी तालिम पाठ्य सामग्रीहरु स्वीकृत गर्ने,

(छ) प्रचलित कानून बमोजिम प्रति व्यक्ति प्रति तालिम खर्चको ईकाई दर तयार गरी निर्धारणको लागि स्वास्थ्य तालिम निर्देशक समिति समक्ष पेश गर्ने,

(ज) स्वास्थ्य सम्बन्धी तालिमको प्रमाणीकरण गर्ने र तालिम स्थलको प्रत्यायन (Accreditation) को लागि निर्देशक समिति समक्ष सिफारिस गर्ने,

१७. <u>समन्वय गरी तालिम सञ्चालन गर्नसक्ने</u>: (१) स्वास्थ्य संस्था, संघ संस्था, साझेदार निकाय, स्थानीय तह र अन्य सरकारी निकायको कार्य योजनामा परेको तालिमहरु केन्द्रसँग सम्झौता गरी तालिम सञ्चालनको लागि केन्द्रलाई कार्यक्रम र बजेट उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्राप्त हुने कार्यक्रम र बजेट प्रदेश सरकारको निर्देशिका, कार्यविधि, मापदण्ड र प्रचलित कानून अनुसार सञ्चालन र खर्च गर्नुपर्नेछ।

१८. <u>सःशुल्क तालिम सञ्चालन गर्नसक्ने</u>: (१) संघ संस्था, साझेदार निकाय, स्थानीय तह र अन्य सरकारी निकायको अनुरोधमा तालिमका लागि तोकिएका योग्य व्यक्तिलाई निर्देशक समितिले तोके बमोजिम शुल्क लिई केन्द्रले तालिममा सहभागी गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम तालिम सञ्चालन र सहभागिताका लागि संघ संस्था, साझेदार निकाय, स्थानीय तह र अन्य सरकारी निकायले केन्द्रमा पत्राचार गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम तालिम सञ्चालनको लागि मागको आधारमा केन्द्रले आवश्यकतानुसार तालिम गराउने व्यवस्था गर्न सक्नेछ।

१९. <u>दूरशिक्षा/तालिम वा मिश्रित सिकाई कार्यक्रम सञ्चालन गर्नसक्ने</u>: (१) केन्द्रले उपयुक्त आधुनिक प्रविधिको छनौट गरी दूरशिक्षा तालिम कार्यक्रम सञ्चालन गर्नसक्नेछ।

(२) स्वास्थ्य सेवा प्रदायकहरुको ज्ञान र सीपलाई अभिबृद्धि गरी गुणस्तरीय र प्रभावकारी सेवा प्रवाह गराउन उपयुक्त आधुनिक साधनको प्रयोग गरी मिश्रित सिकाई (Blended Learning) तालिम कार्यक्रम केन्द्रले सञ्चालन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको तालिम सञ्चालनका लागि पूर्व परीक्षा अनलाईन प्रणालीबाट लिइनेछ। पूर्व परीक्षामा कम्तीमा ५० प्रतिशत अङ्क ल्याउने सहभागीहरुलाई स्व-अध्ययन सामग्री पठाइनेछ।

(४) उपदफा (३) बमोजिम तालिम अध्ययन सामग्रीका लागि लाग्ने सम्पूर्ण खर्च संघ, प्रदेश वा स्थानीय सरकारले व्यहोर्ने अवस्था नभएमा सहभागी स्वयंले व्यहोर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम तालिमका सहभागीहरुको निश्चित अवधिमा अनलाईन प्रणालीबाट Post Test परीक्षा लिइनेछ र परीक्षामा कम्तीमा ८५ प्रतिशत अङ्क ल्याउने सहभागीहरुलाई केन्द्रले प्रमाणपत्र प्रदान गर्नेछ।

२०. <u>अनुगमन, अभिलेखन र प्रतिवेदन गर्नुपर्नेः</u> (१) स्वास्थ्य संस्था, संघ संस्था, साझेदार निकायले सञ्चालन गरेका स्वास्थ्य सम्बन्धी तालिमको अनुगमन र अभिलेखनको व्यवस्थापन केन्द्रले गर्नेछ । स्थानीय तहले सञ्चालन गरेका तालिमको हकमा सम्बन्धित स्थानीय तहको समन्वय, सहकार्य र सहमतिमा अनुगमन र अभिलेखको व्यवस्थापन केन्द्रले गर्नसक्नेछ।

(२) तालिमहरुको सूचना व्यवस्थित गर्न, अनुगमन, पृष्ठपोषण र प्रतिवेदन प्रणालीलाई प्रभावकारी तथा बैज्ञानिक बनाउनका लागि केन्द्रले तालिम सूचना व्यवस्थापन प्रणाली (Training Information Managenment System-TIMS) को विकास र कार्यान्वयन गर्न सक्नेछ।

(३) तालिम सूचना व्यवस्थापन प्रणाली चुस्त र प्रभावकारी बनाउन उपदफा (२) बमोजिमको प्रणाली केन्द्रले आवश्यक समन्वय, सहकार्य र सहमतिमा स्थानीय तहसम्म बिस्तार गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिमको प्रणाली विकास नभएसम्म केन्द्रले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रदेशहरुका लागि निर्मित तालिम सूचना व्यवस्थापन प्रणाली प्रयोग गर्न सक्नेछ।

(५) तालिम लिएका प्रशिक्षार्थीहरुले तालिममा हासिल गरेको ज्ञान, सीप र दक्षता मूल्याङ्कन गर्न र तालिम पश्चात आफ्नो कार्यक्षेत्रमा सो ज्ञान, सीप र दक्षता प्रयोग गरी सेवा उपलब्ध गरे नगरेको एकिन गरी उनीहरुलाई आवश्यकता अनुसार कार्यस्थलमा नै कोचिंग गरी पुनर्ताजगीकरण गर्न फलोअप कार्य केन्द्र र तालिम स्थलका प्रशिक्षकले गर्नसक्नेछन।

(६) उपदफा (५) बमोजिम अनुगमनको समयमा औजार, उपकरण, पुर्वाधार, सामग्री, औषधिको उपलब्धता र समस्याको अध्ययन गर्ने र कार्यस्थल मै समाधानका उपाय बारे छलफल गर्नुपर्नेछ।

(७) उपदफा (५) र (६) बमोजिमको अनुगमन कार्य केन्द्र र तालिम स्थलका प्रशिक्षकले आधुनिक संचार माध्यम वा अनलाइन माध्यम प्रयोग वा स्थलगत भ्रमण गरी गर्न सक्नेछ ।

(८) स्वास्थ्य संस्था, संघ संस्था, साझेदार निकायले सञ्चालन गरेका तालिमको प्रतिवेदन अनुसूची-१२ बमोजिमको ढाँचामा केन्द्रमा पेश गर्नुपर्नेछ ।

२१. <u>तालिममा स्वास्थ्य संस्था, संघ संस्था, साझेदार निकाय र स्थानीय तहको भूमिकाः</u> (१) प्रदेश भित्रको तालिम योजना, कार्यान्वयन, अनुगमन, सुपरीवेक्षण र मूल्याङ्कन गर्ने मुख्य भूमिका र जिम्मेवारी मन्त्रालय र केन्द्रको हुनेछ।

(२) मन्त्रालय र केन्द्र लगायत स्वास्थ्य संस्था, संघ संस्था, साझेदार निकाय र स्थानीय तहहरुको तालिममा रहने भूमिका अनुसूची-१३ मा तोकिए बमोजिम हुनेछ ।

२२. <u>तालिममा हुने खर्च रकमको मापदण्डः</u> तालिम सञ्चालनका लागि विभिन्न खर्च शीर्षकमा आवश्यक पर्ने खर्चको मापदण्ड प्रदेश सरकारको प्रचलित कानून बमोजिम हुनेछ। प्रदेश सरकारको खर्च मापदण्डमा स्पष्ट रुपमा उल्लेख नभएमा नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको कार्यक्रम सञ्चालन

तथा बजेट खर्च निर्देशिका, २०७५ र अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७५ बमोजिम खर्च गर्न सकिनेछ।

२३. <u>पाठ्यक्रम, पाठ्यसामग्री, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सकिने</u>: (१) यस कार्यविधिमा उल्लेख नभएका विषयहरुमा राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको पाठ्यक्रम, पाठ्यसामग्री, कार्यविधि र मापदण्ड बमोजिम हुनेछ।

(२) प्रदेशको आवश्यकता अनुसार स्वास्थ्य सम्बन्धी तालिमको पाठ्यक्रम तथा पाठ्यसामग्री केन्द्रले तयार गरी मन्त्रालयबाट स्वीकृत गराइ लागु गर्न सक्नेछ।

२४. <u>तालिम स्थलको अनुमति र प्रशिक्षकको प्रमाणीकरण खारेज हुनसक्ने</u>: (१) केन्द्रले देहाय बमोजिमको अवस्थामा कुनै स्वास्थ्य संस्था, संघ संस्था र साझेदार निकायको तालिम स्थललाई दिएको तालिम अनुमति खारेज गर्न सक्नेछः-

(क) तालिम सम्बन्धी सम्झौता अनुसारको काम नगरेमा,

(ख) तालिम सञ्चालन गर्दा स्वीकृत मापदण्ड, स्तर वा गुणस्तर पूरा नगरेमा,

(ग) तालिम सञ्चालन गर्न अनुमति लिई लगातार तीन पटकसम्म मनासिव कारण बिना तालिम सञ्चालन नगरेमा,

(घ) दफा १० को उपदफा (४) र (५) बमोजिम मापदण्ड पुरा नगरेमा,

(ङ) प्रचलित कानून बमोजिम कार्यक्रम सञ्चालन नगरेमा।

(२) केन्द्रले प्रदान गरेको प्रशिक्षक प्रशिक्षण प्रमाणीकरण देहाय बमोजिमको अवस्थामा खारेज वा अमान्य घोषित गर्नसक्नेछः-

(क) सूचिकृत प्रशिक्षकले सम्बन्धित विषयमा कम्तीमा २ (दुई) ब्याच तालिममा सैद्धान्तिक वा क्लिनिकल वा दुवै अभ्यासमा दक्षता प्रस्तुत नगरेमा,

(ख) प्रशिक्षक प्रशिक्षण लिएको ३ बर्षसम्म पनि सम्बन्धित विषयको तालिम प्रशिक्षण नगरेमा,

(ग) मापदण्ड र प्रोटोकल अनुसार तालिम सञ्चालन नगरेमा,

(घ) प्रशिक्षक प्रशिक्षण तालिमको प्रमाणपत्रको आधिकारिकता पुष्टि नभएमा।

२५. <u>सेवाकालीन तालिम</u>: (१) केन्द्रले स्वास्थ्य क्षेत्रमा कार्यरत जनशक्तिको लागि सेवा कालीन तालिम सञ्चालन गर्न सक्नेछ ।

(२) सेवाकालीन तालिमको अवधि नेपाल सरकारले सेवाकालीन तालिमको लागि निर्धारण गरेको अवधि बमोजिम हुनेछ ।

(३) सेवाकालीन तालिमको पाठ्यक्रम केन्द्रले तयार गरी मन्त्रालयले स्वीकृत गरे पश्चात लागु हुनेछ ।

२६. <u>प्रचलित कानून बमोजिम हुने</u>: यस कार्यविधिमा उल्लेख नभएको विषय प्रचलित कानून बमोजिम हुनेछ ।

गोपीकृष्ण खनाल
सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय

## अनुसूची -१

## तालिम प्रशिक्षण मूल्याङ्कन

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

तालिमको नामः

प्रशिक्षकको नामः तालिम स्थलः

(क्र.सं. १ देखि १० सम्म प्रत्येकको १०-१० पूर्णांक)

| क्र. स. | विवरण | अवलोकन मूल्याङ्कन | बुँदागत रुपमा दिईएका सुझाव तथा गरिएका कार्यहरु |
|---|---|---|---|
| १ | सेसनमा प्रस्तुत गरिएका विषयबस्तुहरु प्रष्ट बुझिएको | | |
| २ | सेसनमा प्रस्तुत गरिएका विषयबस्तुहरु सरल भाषा र सहज रुपमा प्रस्तुत भएको | | |
| ३ | सेसनमा सहभागीहरुका जिज्ञासाहरु प्रभावकारी तथा उपयुक्त तरिकाबाट समाधान गरिएको | | |
| ४ | तालिम पाठ्यक्रममा उल्लेखित विधिहरु प्रयोग गरेको | | |
| ५ | सेसनमा सहभागीको ध्यान केन्द्रित गर्नसकेको | | |
| ६ | सेसनमा दृष्य सामग्रीहरु ठीकसँग प्रयोग भएको | | |
| ७ | सेसनमा सहभागीहरुलाई पूर्ण सहभागी गराईएको | | |
| ८ | सेसनबाट पाठ्यक्रमको उद्देश्य पुरा भएको | | |
| ९ | सेसनमा सहजकर्ताको हाउभाउ र सहभागीप्रतिको सहयोगीपना | | |
| १० | सहजकर्ता र सहभागी तथा अन्य बीचको समन्वय | | |
| | जम्मा अंक | | जम्मा प्रतिशतः |

**मूल्याङ्कनः** अति उत्तम-९०% विशिष्ट-८०-८९ % उत्तम-७०-७९ % सामान्य-६०-६९ %

सन्तोषजनक-५०-५९ % न्यून/कमजोर-५० % भन्दा कम

**समग्रमा अवलोकनकर्ताको सुझावः**

अवलोकनकर्ताको नाम र पदः

अवलोकनकर्ताको सहिः

गोपीकृष्ण खनाल
सचिव

## अनुसूची -२

## तालिम प्रशिक्षक सीप लेखाजोखा फारम (Facilitator's Facilitation Skills Appraisal Form)

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

तालिमको नाम: मिति:

प्रशिक्षकको नाम: तालिम स्थल:

| S.N. | Facilitation Skills | Yes | Sometimes | No |
|---|---|---|---|---|
| 1 | Presents an effective introduction | | | |
| 2 | States the objectives of the presentation/activity as part of the introduction | | | |
| 3 | Asks questions of the entire group | | | |
| 4 | Targets questions to individuals | | | |
| 5 | Asks questions at a variety of levels | | | |
| 6 | Uses learner's name | | | |
| 7 | Provides positive feedback and related examples | | | |
| 8 | Responds to learner's questions | | | |
| 9 | Uses trainer's notes or a personalized reference manual | | | |
| 10 | Maintains eye contact with learners | | | |
| 11 | Speak with appropriate voice and maintains tone rhythm so that all learners can hear and understand | | | |
| 12 | Moves around the room and motivates learners to learn | | | |
| 13 | Maintain appropriate body language and movement | | | |
| 14 | Uses audio-visual effectively | | | |
| 15 | Displays positive use of humors | | | |
| 16 | Presents an effective summary | | | |
| 17 | Provides opportunities for application or practice of presented content | | | |

गोपीकृष्ण खनाल
सचिव

प्रदेश सरकार
प्रदेश नं. ...
सामाजिक विकास मन्त्रालय

अनुसूची -३

## प्रशिक्षकको क्लिनिकल सीप लेखाजोखा फारम (Clinical Facilitaion Skills appraisal Form)

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

तालिमको नाम: मिति:

प्रशिक्षकको नाम: तालिम स्थल:

| S.N. | Demonstration Skills | Yes | Sometimes | No |
|---|---|---|---|---|
| 1 | Uses trainer's notes, a personalized manual or learning guide | | | |
| 2 | States the objectives as part of the introduction | | | |
| 3 | Presents an effective introduction | | | |
| 4 | Arranges the demonstration area so that learners are able to see each step in the procedure clearly | | | |
| 5 | Never demonstrates an incorrect procedure or shortcuts | | | |
| 6 | Communicates with the model or client during the demonstration of the activity/skill | | | |
| 7 | Asks questions and encourages learners to ask questions | | | |
| 8 | Demonstrates or simulates appropriate infection prevention practices | | | |
| 9 | Positions the models as it were an actual client, when using a model | | | |
| 10 | Maintains eye contact with learners as much as possible | | | |
| 11 | Projects/appropriate voice so that all learners can hear | | | |
| 12 | Provides opportunities for the learners to practice the activity/skill under direct supervision | | | |

गोपीकृष्ण खनाल
सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

अनुसूची – ४

# कोचिङ्ग प्रशिक्षक क्लिनिकल सीप लेखाजोखा फारम (Coaching Clinical Facilitaion Skills Appraisal Form)

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

तालिमको नाम: मिति:

प्रशिक्षकको नाम: तालिम स्थल:

| S.N. | Facilitation Skills | Yes | Sometimes | No |
|---|---|---|---|---|
| **Before Practice Session** | | | | |
| 1 | Greets the learner | | | |
| 2 | Asks the learner to reflect on her/his performance in previous practice sessions | | | |
| 3 | Asks which steps or tasks the learner would like to work on during the practice session | | | |
| 4 | Reviews any difficult steps or tasks in the learning guide that will be practiced during the session | | | |
| 5 | Works with learner to set specific goals for practice session | | | |
| **During Practice Session** | | | | |
| 1 | Observes as the learner practices the procedure | | | |
| 2 | Provides positive reinforcement and suggestions for improvement as the learner practices the procedure | | | |
| 3 | Refers to the learning guide during observation | | | |
| 4 | Records notes about learner performance on the learning guide during the observation | | | |
| 5 | Is sensitive to the client when providing feedback to the learner during a clinical session | | | |
| 6 | Provides corrective comments only when the comfort or safety of client is in doubt | | | |
| **After Practices: Feedback Sessions** | | | | |
| 1 | Greets the learner | | | |
| 2 | Asks the learner to share feelings about the practices session | | | |
| 3 | Asks the learner to identify those steps performed well | | | |
| 4 | Asks the learner to identify those steps where performance could be improved | | | |
| 5 | Refers to notes on the learning guide | | | |
| 6 | Provides positive reinforcement regarding those steps or tasks the learner performs well | | | |
| 7 | Offers specific suggestions for improvement | | | |
| 8 | Works with the learner to establish goal for the next practice session | | | |

गोपीकृष्ण खनाल
सचिव

अनुसूची – ५

तालिम दर्ता फारम

(दफा ९ को उपदफा (४) सँग सम्बन्धित)

PP Sized Photo

Province Government
Province No. 5
Ministry of Social Development
**Health Training Centre**
Butwal, Nepal

## TRAINING REGISTRATION FORM

Name of the Training: ......................................................

☐ Participant ☐ Master Trainer/Trainer/Co-trainer/Co-ordinator

Training Site: ........................................................................... Province: ......................

